# ग्रामथान गाउँपालिका
# Gramthan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
तेतरीया, मोरङ/Tetariya, Morang

Province No. 1, Nepal
प्रदेश नं. १, नेपाल

प.सं. *Ltr.No:*
च.नं. *Ref.No.* २४०५

मिति*(Date)*: २०७८/११/०३

**विषय*(Subject)*:** उपस्थिति भइदिने बारे।

श्रीमान् सबै जनप्रतिनिधि ज्यू,
ग्रामथान गाउँसभा सदस्य

उपरोक्त सम्बन्धमा ग्रामथान गाउँपालिकाका, तेतरिया, मोरङको दशौ गाऊसभा २०७८ साल फाल्गुण ११ गते बुधबारको दिन १० बजे गाउँपालिकको सभाहलमा संचालन हुने भएको हुनाले तपाईको गरिमामय उपस्थितिको लागि अनुरोध छ। साथै तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरिने व्यहोरा अनुरोध छ।

प्रस्तावहरुः

१. ऐन कानून पारित सम्बन्धमा।
२. आ.व. ०७८/०७९ को योजना परिवर्तन सम्बन्धमा।
३. नयाँ योजना स्वीकृत सम्बन्धमा।
४. विविध

शिव नारायण माझी थारु
गाउँपालिका अध्यक्ष

# ग्रामथान गाउँपालिका

दसौं गाउँसभा २०७८

## कार्यक्रम सञ्चालन कार्यतालिका मिति २०७८/११/११ गते बुधबार

कार्यक्रम सञ्चाक श्री भीम प्रसाद न्यौपाने

ग्रामथान गाउँपालिकको दसौं गाउँसभाको औपचारिक समुद्घाटन समारोहमा सम्पस्थित सम्पुर्ण महानुभावहरु, जनप्रतिनिधि ज्यूहरु, आजका प्रमुख अतिथि ज्यू विशिष्ट अतिथी ज्यूहरु सम्पुर्ण ग्रामथान गाउँपालिकाका कर्मचारीहरु विभिन् संघ संस्थाबाट पाल्नभएका प्रतिनिधि ज्यूहरु पत्रकार बन्धुहरु लगायत सबै उपस्थित महानुभावहरुमा म ग्रामथान गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दै अभिवादन टक्रयाउन चाहान्छु ।

प्रदेश नं १ सरकारद्धारा मिति २०७५ वैशाख २० गते प्रकाशित प्रदेश राजपत्रको प्रशतावनामा गाउँ सभा सञ्चालन गर्ने सम्बन्धमा नेपालको संविधानको धारा २२७ बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश सभाले गाउँसभा सञ्चलन प्रकृयको विषयमा राजपत्रमा प्रकासित गरे बमोजिम ग्रामथान गाउँपालिकाको दसौं गाउँसभा सञ्चालन एवम समापन हुनेछ भन्ने विश्वास लिएको छु ।

### आशन ग्रहणको कार्यक्रम

१. सभाका अध्यक्ष: ग्रामथान गाउँपालका अध्यक्ष श्री शिव नारायण माझी ज्यू

२. प्रमुख अतिथि: मोरङ क्षेत्र नं ४ क का प्रदेश सभासद माननीय श्री विजय विश्वास ज्यू

२. विशिष्ट अतिथी : ग्रामथान गाउँपालिका उपाध्यक्ष आदरणीय श्री फुलकुमारि चौधरी ज्यू

४. विशिष्ट अतिथी : ग्रामथान गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश बहादुर कार्की ज्यू

५. विशिष्ट अतिथी : नेकपा एमालेका ग्रामथान सभापति आदारणीय श्री कुमार आचार्य ज्यू

६. विशिष्ट अतिथि: नेपाली कंङ्ग्रेसका ग्रामथान सभापति आदारणीय श्री तुलसी विश्वास ( किरण)

७. अतिथी : नेकपा माओवादी केन्द्रका ग्रामथान सभापति आदारणीय रमेश भगत ज्यू

८. अतिथी: समाजसेवी आदारणीय भुसरु खाँ

९. अतिथी: वडा नं १ अध्यक्ष श्री नमोनारायण माझी थारु

१०. श्री कृष्ण कुमार माझी